ग्राफीक डिजाइन, फ्लेक्स बोर्ड, स्क्रीन प्रिन्ट, कलर प्रिन्ट, बुक सेटिङ्ग तथा छपाई, बाइन्डिङ्ग, टाईपिङ्ग, क्यालेण्डर छपाई, परिचय-पत्र भिजिटिङ्ग कार्ड, विवाह कार्ड, सेल्फ छाप, नाइलन छाप बनाइनु साथै छपाई सम्बन्धि सम्पूर्ण कार्य गरिन्छ।

एडी
कम्प्युटर एण्ड स्क्रीन प्रिन्ट
एल.एन.चौक
(त्रिनगर स्कुल गेट अगाडि)
मो.नं.: ९८४८४५५०८३

नेपाली राष्ट्रिय दैनिक

# धनगढी पोष्ट

www.dhangadhipostnews.com

यो ठाउँ विज्ञापनको लागि खाली छ।

शीर्ष नेतृत्वभित्र हुर्किएको विकृतिका असर ②
डिसिए कप : बात्साल्या र लिटल फ्लावर विजयी ③
गोदावरी नगरपालिका अगाडी शिक्षकको धर्ना ④

वर्ष २१ अंक १५८ वि.सं. २०७९ माघ ७ गते शनिबार (Jan. 21 Saturday 2023) मुल्य रु. ४/- पेज -४

## ट्र्याक्टर दुर्घटनामा परी एक जनाको मृत्यु

**पोष्ट संवाददाता**

धनगढी। गोदावरीमा ट्र्याक्टर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ।

कैलालीको गोदावरी नगरपालिका १२ को रातापानी सामुदायिक वनमा शुक्रबार बिहान से १ त ६१९३ नम्बरको ट्र्याक्टर दुर्घटना भएको थियो। ट्र्याक्टर दुर्घटना हुँदा कञ्चनपुर पुनर्वासका ४० वर्षीय मनीराम चौधरीको मृत्यु भएको सुदुरपश्चिम प्रदेश ट्राफिक प्रहरी कार्यालय अत्तरियाले जनाएको छ।

चौधरीको ट्र्याक्टरको इन्जिनमा च्यापिएर घटनास्थलमै मृत्यु भएको हो। उनी सहचालक हुन्। दुर्घटनामा ट्र्याक्टर चालक पुनर्वास नगरपालिका १० का ४१ वर्षीय सत्तु राना गम्भीर घाइते भएका छन्। उनको धनगढीस्थित माया मेट्रो अस्पतालमा उपचार भइरहेको छ। उनको शरीरमा गम्भीर चोट लागेको छ। गोदावरीबाट ढुङ्गा ल्याउन जादै गरेको अवस्थामा अनियन्त्रित भएर ट्र्याक्टर दुर्घटना भएको प्रहरीले जनाएको छ।

## मुख्य न्यायधिबक्तामा ६ जनाको चर्चा

**पोष्ट संवाददाता**

धनगढी। प्रदेश सरकार गठन संगै सुदूरपश्चिममा मुख्य न्यायधिबक्ताको चर्चा हुन थालेको छ।

पहिलो कार्यकालका लागि मुख्य न्यायधिबक्ता बनेका कुलानन्द उपाध्याय मुख्यमन्त्री त्रिलोचन भट्टको कार्याकाल सकिय संगै बाहिरिने छन्।

कुलानन्द उपाध्यायको कार्यकाल सकिएपछि प्रदेश सरकारले नयाँ मुख्य न्यायधिबक्ता नियुक्त गर्ने छ। दोश्रो कार्यकालका लागि सुदूरपश्चिममा ६ जनाको चर्चा हुन थालेको छ। शत्तारुढ दलका अनुसार कुला नन्द उपाध्यायलाईनै दोहोर्‍याउने बारेमा पनि छलफल भएको छ। तर एमालले कुलानन्द उपाध्ययलाई दोहोर्‍याउन चासो देखाएको छैन।

हाल सुदूरपश्चिम प्रदेश सरकाका मुख्य न्यायधिबक्ताका लागि ६ जनाको चर्चा हुन थालेको छ।

प्रदेश सभा सदस्यका अनुसार अधिवक्ता सिद्धराज ओझा, दलबहादुर धामी, गम्भीर सिंह ऐर, नील प्रसाद तिवारी, राजेन्द्र साउँद र उमेश बिष्टको नाम मुख्य न्यायधिवक्ताको आकांक्षिमा जोडिएको छ। ६ जनामध्ये अधिवक्ता साउँद, ओझा र धामीको सम्भावना प्रवल रहेको बुझिएको छ। साउँदको सोझै मख्यमन्त्री रावलसँग निकटता रहेको बताइएको छ। साउँद नेपाल बारको पूर्व केन्द्रीय कार्यावाहक अध्यक्षसमेत हुन्।

अधिवक्त ओझा एमाले सचिव तथा सुदूरपश्चिम इन्चार्ज लेखराज भटट्सँग निकट मानिन्छन्। कैलाली बारका अध्यक्ष समेत रहेका ओझा प्रगतिशील तथा पेशागत कानुन व्यवसायी संगठनको केन्द्रीय उपमहासचिव तथा सुदूरपश्चिम इन्चार्ज समेत हुन्। एमाले सुदूरपश्चिम सहइन्चार्ज तथा स्थायी कमिटी सदस्य कर्ण थापासँग निकट मानिने अधिवक्ता धामी सर्वोच्च बारका सदस्य हुन्। उनलाई पनि प्रवल दावेदार मानिएको छ।

कैलालीमा रहेर कानुन व्यवसाय गर्दै आएका अधिवक्ता नीलप्रसाद तिवारीलाई एमाले पोलिटब्यूरो सदस्य तथा कैलाली इन्चार्ज नारदमुनि राना निकट मानिँदै आएका छन्। २०७४ को निर्वाचनपछि सुदूरपश्चिममा बनेको नेकपा सरकारको क्रममा पनि मुख्यन्याधिवक्ताको आकांक्षी देखिएका थिए। तिवारी कैलाली बारको पूर्व अध्यक्ष समेत हुन्।

त्यस्तै मुख्यन्याधिवक्ताको आकांक्षी देखिएका कञ्चनपुरका अधिवक्ता बिष्ट नेपाल बारको निर्वतमान केन्द्रीय उपाध्यक्ष हुन्। यस्तै ऐर कैलाली बारका सदस्यका सदस्य हुन्।

अधिवक्ता ओझाले योग्य र सक्षम कानुन व्यवसायीले दाबी पेश गर्नु स्वाभाविक रहेको बताउँदै केही दिनमा मुख्यन्याधिवक्ताको टुंगो लाग्ने बताए। त्यस्तै, अधिवक्ता ऐरले आफूले विना भनसुन स्वतन्त्र ढंगले दाबी पेश गरेको बताए। उनले भने, 'मैले आजसम्म बन्नुपर्छ भनेर कसैलाई भनेको पनि छैन, भन्नेवाला पनि छैन। स्वतन्त्र ढंगले जिम्मेवारी दिएको अवस्थामा जिम्मेवारी ग्रहण गर्नसक्छु।'

नेपालको संविधानको धारा १६० मा मुख्यन्याधिवक्ताको व्यवस्थाबारे उल्लेख छ। मुख्य न्यायाधिवक्ताले महान्यायाधिवक्ताको मातहतमा रहन्छ। मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट मुख्यान्याधिवक्ता नियुक्त गरिने प्रावधान छ। उच्च अदालतको न्यायाधीश हुने योग्यता भएको व्यक्ति मुख्य न्यायाधिवक्ताको पदमा नियुक्तिका लागि योग्य हुने व्यवस्था छ। मुख्य न्यायाधिवक्ताको पारिश्रमिक तथा अन्य सुविधा उच्च अदालतको न्यायाधीश सरह रहन्छ।

## हिमाली क्षेत्रमा हिमपात

**पोष्ट संवाददाता**

धनगढी। सुदूरपश्चिमका उच्च हिमाली क्षेत्रमा हिमपात भएको छ। बझाङ, बाजुरा र दार्चुलाका उच्च हिमाली क्षेत्रमा शुक्रबार हिमपात भएको हो।

हिमपात बिहीबार देखि सुरु भएको थियो। अपिहिमाल गाउँपालिकाका स्थानीय पार्वती बोहराका अनुसार हिमाली क्षेत्रमा सामान्य देखि बाक्लो हिमपात भएको छ।

पहाडी क्षेत्रमा भने हिउँदे वर्षा र हिमपात नहुँदा किसान चिन्तित बनेका छन्। खेतमा लगाएको हिउँदे अन्नबाली पानीको अभावमा सुक्न थालेको लेकम गाउँपालिका-५ का स्थानीय शम्भुराज जोशीले बताए।

सिंचाइको सुविधा नपुगेको ठाउँमा लगाएका गहुँ, जौं लगायत हिउँदे बाली सुकेर पहेलपुर भएका छन्। केही दिनयता घाम पनि नलागेपछि चिसोले जिल्लाभरीको जनजीवन प्रभावित भएको छ।

वर्षभरी बजारबाट किनेर खाद्यान्नको जोहो गर्न नसक्ने परिवारका सदस्यले भोकमरी हुने चिन्ता व्यक्त गरिरहेका छन्। 'सिंचाई सुविधा नपुगेको ठाउँमा त हरियाली देख्नै मुस्किल छ', उनले भने, 'आशिंक सिंचाई सुविधा पुगेका खेतमा(**बाँकी ३पेजमा**)

# उखु आम्दानीको गतिलो श्रोत

**पोष्ट संवाददाता**

धनगढी। कञ्चनपुरको दक्षिणी भेगका नागरिकको आम्दानीको श्रोत उखु बन्न थालेको छ।



पुनर्वास नगरपालिका र वेलौरी नगरपालिमा चिनी मिल सञ्चालन भएपछि सो क्षेत्रका नागरिकको आम्दानीको श्रोत उखु बनेको हो। 'उखु वेचेर बार्षिय एक डेढलाख आम्दानी हुने गरेको वेलौरी नगरपालिका-३ की दीपा जोशीले बताइन्। 'पहिला धान गहु लगाउने जमिनमा अहिले उखु लगाउने गरेका छौं,' उनले भनिन्, 'उखु खेति गर्न थालेपछि घर खर्च चलाउन र छोराछोरी पढाउन समस्या भएको छैन।'

१० कठ्ठा जमिनमा गरिएको उखु खेतिले परिवारको बार्षिय खर्च चलाउने गरेको उनले बताइन्। पहिला धान गहु मात्रै लगाउने गरेका थियौं,' उनले भनिन्, 'खाद्यान्न बाहेक घरको खर्च चलाउन रोजगारीका लागि भारत जानु पर्दथ्यो, तर अहिले त्यो समस्या टरेको छ।' उखु संगै १० कठ्ठा जमिनमा तोरी खेति समेत गर्ने गरेको उनले बताइन्।

उनका अनुसार मंसिर देखि उखु काट्न सुरु हुन्छ। उखु पछि सोही जमिनमा तोरी र गहुँ लगाउने गरिनछ। जस्का कारण एउटै सिजनमा उखु संगै तोरी समेत फल्ने गरेको उनले बताइन्। १० कठ्ठा जमिनमा तोरी खेति गर्दा घरका लागि थोरै बचाएर बाँकी वेच्ने गरेको उनले बताइन्। तोरी बेचेर पनि बर्षमा ५०-६० हजार आम्दानी हुने गरेको छ,' उनले भनिन्, 'त्यस संगै गहु पनि फलाउने गरेका छौं।'

घर नजिकै उखु मिल सञ्चालन भएपछि आम्दानी संगै रोजगारी पाइएको सोही वडाकी राधिका रेग्मीले बताइन्। महाकाली सुगर मिल सञ्चालन भएपछि स्थानीयले मिलमै रोजगारी पाएको उनले बताइन्। 'गाउँका धेरै पुरुष र महिलाले चिनि मिलमा रोजगारी पाएका छन्,' उनले भनिन्, 'उखुको व्यवसाय पनि बढेको छ, गाउँमा मिल आएपछि यहाँका नागरिकको जीवन स्तर सुधारिएको छ।'

चिनि मिल सञ्चालन पछि बेलौरी नगरपालिका, वेलडाँडी गाउँपाकि, वेदकोट नगरपालिका, पनर्वास नगरपालिका र लालझाडी गाउँपालिकाका अधिकांस किसान उखु खेतिमा लागेका छन्। लालझाडी गाउँपालिकाकी उप प्रमुख सपना चौधरीले चिनि मिल पछि सो क्षेत्रका किसानको खेतिगर्ने शैली फेरिएको बताइन्।

'पहिला गहुँ र धान मात्रै लगाएर अन्य समय यहाँको खेत बाँझै हुने गरेको थियो,' चौधरीले भनिन्, 'अहिले उखु संगै तोरी, मसुरो र अन्य वाली पनि लाउने गरिएको छ, यसले किसानको आर्थिक अवस्थामा सुधार आएको छ।'

किसानले भने उखु खेतिका लागि स्थानीय सरकारले सहयोग गनरेको गुनासो गरेका छन्। उखुमा रोगलाग्ने, वीउको समस्या हुने गरेको पुनर्वास नगरपालिका-१ का बिरबहादुर तामाङले बताए। 'चिनि मिलले वीउ दिए पनि अन्य औषधी सहित अन्य उपकरण दिदैन,' उनले भने, 'स्थानीय सरकारले केही सहयोग गरेको खण्डमा उखु खेति गर्ने किसानलाई सहज हुने थियो।'

कञ्चनपुरको पुनर्वास नगरपालिकामा भागेश्वर सुगर मिल तथा वेलौरीमा महाकाली सुगर मिल सञ्चालन भएका छन्। दुई वटै मिलके बार्षिक ४५ लाख क्वीन्टल उखु पेल्ने क्षमता रहेको छ।

भागेश्वर सुगर मिलको बार्षिक २० लाख क्वीन्टल उखु पेल्ने क्षमता रहेको छ। तर हाल सम्म पूर्ण क्षमतामा मिल सञ्चालन गर्न उखु अभाव रहेको मिलका प्रशासकिय अधिकृत डम्मर खड्काले बताए।

महाकाली सुगर मिलको पनि बार्षिक उखु पेल्ने क्षमता २५ लाख क्वीन्टल रहेकोमा सो मिलले २० क्वीन्टल उखुबाट २ लाख क्वीन्टल चिनी उत्पादन गर्दै आएको प्रशासन प्रबन्धक कालुसिंह ठगुन्नाले बताए।

यस बर्ष उखु मिलले स्तरिय उखुको मुख्य प्रतिक्वीन्टल ५ सय २० रुपैंया निर्धारण गरेको छ, भने सरकारले त्यसमा ७० रुपैंया थप्ने गरेको छ। सरकारले यस बर्ष भने प्रतिक्वीन्ट उखुमा २० रुपैंयाले चिनिको मुल्य बढाएको छ।

## नहटाएसम्म एमालेमै बस्छु : भीम रावल



**पोष्ट संवाददाता**

धनगढी। नेकपा एमालेका नेता डा. भीम रावलले आफू एमालेमै क्रियाशील रहने बताएका छन्। तर, जबरजस्ती कसैले बाटो रोके आफ्नो बाटो खोज्ने उनले बताए।

पाँच दशक लामो समयदेखि पार्टी र राष्ट्रहितका लागि आवाज उठाउँदै आएको बताउँदै रावलले आफ्नो रगत र पसिना एमालेमा बगेकोले पार्टीका नीति तथा सिद्धान्तलाई आत्मसाथ गर्दै पार्टीमा लागिरहने बताए।

मंसिर ४ गते सम्पन्न प्रतिनिधि तथा प्रदेश सभाको निर्वाचनपछि पहिलो पटक गृहजिल्ला अछाम पुगेका नेता रावलले आफूले पार्टीको सिद्धान्त र राष्ट्रहित विपरीतका कुनै कार्य नगरेको दाबी गरे।

निर्वाचनमा उम्मेदवारका लागि अछाम जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र-१ बाट वडा, नगर, क्षेत्र, जिल्ला तथा प्रदेशबाट एकल नाम सिफारिस भएपनि टिकट नपाएकोप्रति असन्तुष्टि पोख्दै नेता रावलले भने, 'राष्ट्रिय तथा अन्तराष्ट्रिय शक्तिका कारण पटक पटक देशभक्त व्यक्तिहरुमाथि प्रहार हुँदै आएको छ।'

पूर्वउपप्रधानमन्त्री समेत रहेका डा रावलले सरकारले गरेका राम्रा कामको सधैँ प्रशंसा गर्ने बताए। 'राम्रा कामको प्रसंशा गर्छु र गलत कामको आलोचना गर्छु' डा रावलले भने, 'सरकारका कतिपय मन्त्रीले स्वार्थ बाँझिने मन्त्रालय रोजेका छन्, यसले जनतामा सुशासनको अनुभूति हुँदैन।'

आफूले जहिले पनि राष्ट्रको हितमा आवाज उठाएको बताउँदैरावलले देशभक्तिपूर्ण आवाजमा देशभरकानागरिकको साथ रहेको दाबी गरे।

## आयोजनाको विवरण पेश गर्न प्रशासनको निर्देशन

**पोष्ट संवाददाता**

धनगढी। जिल्ला प्रशासन कार्यालय कैलालीले जिल्लामा सञ्चालित आयोजनाको विवरण पेश गर्न आयोजना कार्यालयलाई निर्देशन दिएको छ। आयोजनाका नाममा जथाभावी चलेका क्रसरलाई व्यवस्थित गर्न गराउन कार्यालयहरूलाई सो निर्देशन दिएको हो।

जिल्लामा आयोजनाका नाममा जथाभावी क्रसर संचालन भएको पाईएकोले नियन्त्रण गर्न जरूरी रहेको हुँदा कार्यालयले सोमबार भित्र विवरण पेश गर्न निर्देशन दिईएको सहायक प्रमुख जिल्ला अधिकारी यज्ञराज जोशीले बताए।

आयोजना कहिले संचालन भएको ? सम्पन्न हुने मिति, के कति नदिजन्य पर्दाथ (ढुंगा, बालुवा, गिट्टी) आवश्यक हो र कति मौज्दात रहेको छ भनेर विस्तृत विवरण माग गरिएको उनले बताए। प्रशासनले जिल्लामा अबैध रूपमा संचालनमा रहेका ४ क्रसर कम्पनिलाई बन्द गर्न निर्देशन दिई सकेको छ भने आयोजनाका नाममा जथाभावी संचालनमा रहेका क्रसरलाई नियन्त्रण गर्न विवरण माग गरिएको उनले बताए।

उनले भने क्रसरलाई बन्द गराईदा विकास निर्माणमा अप्ठ्यारो हुन्छ। ठप्पै बन्द गर्न त भन्न सकिँदैन तर, कानुन सम्मत ढंगले आयोजनाका नाममा रहेका क्रसर जानुपर्छ। शुक्रबार सहायक प्रमुख जिल्ला अधिकारी यज्ञराज जोशी अध्यक्षतामा आयोजना कार्यालयका पदाधिकारी तथा कन्स्ट्रक्न संचालक लगायतसंग छलफल गरेका थिए।

## भीरबाट लडेर पुरुषको मृत्यु

**पोष्ट संवाददाता**

धनगढी। बाजुरामा भीरबाट लडेर एक जना पुरुषको मृत्यु भएको छ।

प्रहरीका अनुसार बाजुराको गौमुल गाउँपालिका-२ मल्दुगुनमा भीरबाट लडेर सोही षउँका ४५ वर्षीय रामबहादुर बोहराको मृत्यु भएको हो। गाउँ नजिकैको हन्यामाटा वनमा बाखा चराउन गएका बेला लडेर उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। बिहान बाखा लिगरे जंगल गएका मृतक बेलुकी घर नफर्किएपछि खोजी गर्दा लडेर मृत्यु भएको अवस्थामा फेला पारेका थिए।

## कर्णालीका मुख्यमन्त्रीले पाए विश्वासको मत

**पोष्ट संवाददाता**

धनगढी। कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले विश्वासको मत पाएका छन्। शुक्रबार दिउँसो बसेको प्रदेशसभाको बैठकमा मुख्यमन्त्री शर्मालाई चार दलका २५ सांसदले विश्वासको मत दिएका हुन्। नेकपा माओवादी केन्द्रका १३, नेकपा एमालेका ९, राप्रपा, नेकपा एकीकृत समाजवादी र स्वतन्त्र (देवराज शाही) एक-एकजना सांसदले शर्माको पक्षमा मत हालेका छन्। नेपाली कांग्रेसका १४ जना सांसदले विपक्षमा मतदान गरेका छन्।

माओवादी केन्द्रका पोलिटब्यूरो सदस्य राजकुमार शर्मालाई प्रदेश प्रमुख तिलक परियारले २७ पुसमा मुख्यमन्त्रीमा नियूक्त गरेका थिए। शर्मा कर्णालीको तेस्रो मुख्यमन्त्री हुन्। संघमा पुष्पकमल दाहाल प्रचण्डलाई विश्वासको मत दिएको कांग्रेसलाई कर्णालीमा पनि शर्माले आफुलाई विश्वासको मत दिन आग्रह गरेका थिए।

तर, विश्वासको मत लिने मुख्यमन्त्री शर्माको प्रस्तावमाथि धारणा(**बाँकी ३ पेजमा**)

# शीर्ष नेतृत्वभित्र हुर्किएको विकृतिका असर

> *राजनेताले पार्टीभन्दा माथि उठेर सोच्दछ । राजनेताको पहिलो प्राथमिकता देश र जनता हुन्छ । पार्टी नेताले पहिलो प्राथमिकतामा पार्टीलाई राख्छ । पार्टी बलियो भयो भने देश र जनताको भलो गर्न सक्छु भन्ने उसको बुझाइ हुन्छ । बोसले गुटलाई पहिलो प्राथमिकतामा राख्छ । बोसलाई विचार र सिद्धान्तका मूल्यमान्यतासँग कुनै लेनादेना हुँदैन । उसलाई बलियो गुटमार्फत पार्टी कब्जा गर्ने चिन्ता हुन्छ । यसको लागि ऊ पैसाको जोहो गर्न थाल्छ । पैसाको प्रयोग गरेर आफ्ना वरिपरि विचारहीन मानिसको भीड जम्मा गर्न थाल्छ । जहाँबाट पैसा तान्न सकिन्छ तिनै मानिसहरू उसका प्रिय पात्र हुन्छन् ।*

**मुकुन्द न्यौपाने**

नेपाली राजनीति लामो समयदेखि निम्न पूँजीवादी जडतामा जेलिँदै आएको छ । यो जडताग्रस्त पार्टीका नेताहरूमा अर्काको मनको तराजु मात्र तौलने बानी परेको छ । उनीहरू एकपटक आफ्नो अन्तरमनको तराजुतर्फ फर्केर हेर्दैनन् ।

हरेक दिन चासो उसले के गर्छ ? के भन्छ ? कहाँ जान्छ ? हाम्रो ध्यान अरूको चियोमा मात्र जान्छ । आफ्नो मनभित्र कहिल्यै चियाउँदैनौं । म के गर्दैछु, कसको हितमा गर्दैछु । कहाँबाट खर्च गर्दैछु के खाँदैछु जीवनको लागि खाँदैछु कि जिब्रोको लागि ? केमा खर्च गर्दैछु ? राष्ट्रको लागि गर्दैछु कि फगत आफ्नो नामको प्रचारको लागि ? हामी अन्तर समीक्षामुखी नभएर बाह्यमुखी भएका छौं । समस्या सुल्झाउने भन्दा समस्या छिरोलेर अस्तव्यस्त बनाउनेतर्फ गइरहेका छौं ।

आफूलाई समग्रतामा हेर्न र बुझ्न नसक्दा नेपालको राजनीतिक नेतृत्व सधैं द्विविधामा छ । हाम्रो पार्टी ठिक कि माओवादी ठिक, कांग्रेस ठिक कि जसपा ठिक, प्रचण्ड ठिक कि माधव नेपाल ठिक, शेरबहादुर ठिक कि रामचन्द्र ठिक ? पार्टी केबाट चल्छ ? महाधिवेशन के हो, पारित दस्तावेजहरू केका लागि हुन् ? यसबारे कहिल्यै गम्भीर छलफल भएन । न त महाधिवेशनको निर्देशनकै पालना भयो ।

यो प्रवृत्तिको विकासले द्विविधा सर्वत्र फैलियो । राज्यमा द्विविधा, दलमा द्विविधा, व्यक्तिमा द्विविधा, विदेशी शक्तिलाई हेर्ने सवालमा द्विविधा । यी द्विविधाले २००७ सालदेखि हालसम्म कुनै पनि विचारधारा बोक्ने दलको एकीकृत निर्माण हुन सकेन, गुटमा विभाजित भए । महाधिवेशन, सम्मेलन गुटका मञ्च बने । गुटमा छलफल गरेर निष्कर्ष मञ्चमा लैजाने । आफ्नो कुरो माने स्वीकार्ने नमाने विरोध गर्ने । आ-आफ्ना गुटले आफ्नै गुटका नेता छान्ने ।

माथि चर्चा गरिएका विषय हाम्रो देशको राजनीतिभित्र देखिएका सामाजिक संस्कारका नफेरिएका जडवत् समस्या हुन् । यी समस्याको समाधान गर्न यसको पात र टुप्पो मात्र केलाएर पुग्दैन । यी समस्या पछाडिका सामाजिक संस्कार र संस्कृतिका क्षेत्रहरूबाट मानिसको मन-मस्तिष्कमा परेको प्रभावलाई राम्ररी केलाएर तिनको उचित आलोचना र शिक्षाको क्षेत्रमा आमूल रूपान्तरण गर्न सकिएन भने सय वर्षसम्म पनि समाज ठिंगुरिएर रहनेछ ।

के हुन् हाम्रो सामाजिक-राजनीतिक क्षेत्रमा देखापरेका निम्न बुर्जुवा संस्कार र संस्कृतिका ज्वलन्त प्रमाण ? यसलाई हामी यसरी सूत्रबद्ध गर्न सक्छौं :

१. पद र सम्मान प्राप्तिको भोक । यसमा मर्यादा क्रम, सत्ता, सम्पत्ति र शक्ति प्राप्तिको भोक एवं अहंकार पर्दछन् ।
२. अधिकभन्दा अधिक मान अधिकभन्दा अधिक धन र ठूलो पद लिएर त्यसलाई निरन्तर आफूसँगै राख्ने प्रयत्न नेपालका आजका दलका नेताहरूको मनस्थिति ।
३. सीमित क्षमता र असीमित संग्रहको इच्छा नै वर्तमान नेतृत्वभित्र रहेको समस्याको जड हो ।
४. आज तिनै साथीहरू सबैभन्दा बढी असन्तुष्ट छन् जोसँग सबैभन्दा ठूला घर छन् । जसले राज्य र पार्टीको अनधिकृत सुविधा लिएका छन् । यी साथीहरू सिङ्गो पार्टी र देशका सम्पूर्ण कार्यकर्ता माथि हैन आफ्ना वरिपरि घुम्ने थोरै ज्ञान र कमजोर मनस्थिति भएका मानिसमाथि भरोसा गर्छन् । अध्ययनशील, सत्यवादी र आम पार्टी कार्यकर्तालाई उपेक्षा गर्छन् ।
५. केही साथीको काम नेताहरूको घरदैलो धाएर यताका कुरा उता, उताका कुरा यता ल्याएर कान भर्ने भएको छ । उनीहरू वातावरणलाई सधैं विषाक्त बनाउँछन् । नेता लडाएर आफ्नो स्वार्थपूर्ति गर्ने बानी उनीहरूमा परेको छ । यिनीहरूले प्रशंसाका भोका नेतालाई कोलमा गोरु घुमाए झैं घुमाइरहेका छन् ।

माथि चर्चा गरिएका गलत चिन्तन, व्यवहारबाट आफ्नो राजनीतिक दलभित्र प्रवेश गरेका समाजका कुसंस्कारबाट उत्पन्न स्वभावलाई नहटाएसम्म दलहरूले सही ढंगबाट पार्टी परिचालन र समाज रूपान्तरण गर्न सम्भव देखिंदैन । यसको लागि राजनीतिक संगठनभित्र कार्यकर्तामा देखापरेका सामाजिक संस्कृतिबाट उत्पन्न संस्कारगत स्वभावहरूबारे पार्टी नेतृत्व स्पष्ट हुनुपर्छ । कार्यकर्तालाई म कस्तो समाजमा छु, मेरो समाजको राजनीतिक, सामाजिक र सांस्कृतिक स्तर के हो ? मैले विस्थापित र स्थापित गर्न खोजेको कुरा के हो ? मैले चाहेको समाज स्थापना गर्न कस्तो संगठन चाहिन्छ ? भन्नेबारे स्पष्ट हुनु जरूरी छ ।

**संगठन भनेको के हो ?**

१. संगठनको ढाँचा तहगत हुन्छ । केन्द्रदेखि गाउँ र वडासम्म कमिटीहरू हुन्छन् ।
२. हरेक कमिटीमा पद हुन्छ, जिम्मेवारी हुन्छ कामको बाँडफाँड हुन्छ । कामको जिम्मा पूरा गर्ने कमिटीका सदस्यको पदीय मर्यादा हुन्छ ।
३. संगठनमा विधि, नियम हुन्छन् । बोलीचाली र साथीहरूसँगका व्यवहारदेखि बस्ने, खाने र राजनीतिक मर्यादासम्मको पालना हुन्छ । केपी ओली नेतृत्वको एमालेमा यी साङ्गठनिक मर्यादाका राजनीतिक, सामाजिक, सांस्कृतिक मूल्य-मान्यता सबै भताभुङ्ग भए । 'भावी भूलबाट बच्न विगतका भूलबाट सिक' भनिन्छ । आजका समाजवादी पार्टीका कार्यकर्ताले ओलीकालमा भएका राजनीतिक, सांगठनिक विधि-पद्धतिका भुलहरूबाट पाठ सिक्नै पर्छ ।
४. जहाँ राजनीतिक संगठन हुन्छ त्यहाँ सिनियर जुनियरको मर्यादाक्रम हुन्छ । तिनीहरूको मर्यादाक्रम छुट्याउने पनि विधि र प्रक्रिया हुन्छ । त्यो सामूहिक छलफलबाट समझदारीमा तोकिन्छ या निर्वाचनको विधिबाट । तर, नेपालका राजनीतिक दलहरूभित्र यो विधि-पद्धतिको कसरी ठाडो उल्लङ्घन हुन्छ भन्ने कुरा चितवनको एमाले महाधिवेशनमा पदाधिकारी छनोटमा देखिएको नेताको मनपरीले देखाएको छ । यहाँका पार्टीहरूभित्र हिन्दुको शिव संस्कृतिको 'चाप्लुसे सर्वपुज्यन्ते कर्मनिष्ठे बहिष्कृताम्' भन्ने संस्कार स्थापित गरेको छ ।
५. संगठनमा मूल्यांकन हुन्छ भनेपछि मूल्यांकनका आधार पनि हुन्छन् । सामान्यतः मूल्यांकनका आधार व्यक्तिको कार्यदक्षता, निरन्तरता, मिल्न-मिलाउन सक्ने क्षमता, अध्ययनशीलता, सिद्धान्त र राजनीतिक प्रशिक्षण गर्न र कुरा बुझाउन सक्ने क्षमता हुनसक्छन् ।
६. जुनियरले सिनियर हुन कति खुड्किला पार गर्नुपर्छ ? कति दक्षता हासिल गर्नुपर्छ ? संसारभर यसको मूल्य-मान्यता छ । यो कुरा राज्यमा र संगठनमा पनि छ । तर, नेपाल जस्तो पिछडिएको अर्थतन्त्र भएको मुलुकमा राजनीतिक र सांस्कृतिक स्तर पिछडिएको हुनाले यहाँका राजनीतिक नेताहरू पिछडिएकै दिमागबाट यो मूल्य-मान्यताको उल्लङ्घन गर्छन् ।
७. सिनियर, जुनियरको भेद र पद विभाजनको विधि नभएको संगठनका नेता चाप्लुसको कानफुके शैलीबाट प्रभावित हुन्छ । परिश्रम र ज्ञानको मूल्यहीन हुने त्यस्तो संगठनको विनाश अनिवार्य छ ।

माथि बताइएका सांगठनिक, वैचारिक, विधिपद्धति तथा कार्यशैलीका लामो कालदेखि आदतको रूपमा जमेर बसेका समस्यालाई हटाउने कसरी ? यो एउटा जटिल र गम्भीर प्रश्न छ । स्वयं राजनीतिक दलहरू यस आदतबाट मुक्त हुन चाहन्छन् भने उनीहरूले माथि बताइएका कमजोरीहरूको आफू र आफ्नो संगठनभित्र जाँच-पड्ताल गर्नुपर्छ र तल उल्लेखित विषयमा पार्टीव्यापी कार्यकर्ता प्रशिक्षण चलाउनुपर्छ ।

१. संगठन मानिसले संचालन गर्छ, त्यसैले संगठन बदल्न मानिस बदलिनुपर्छ ।
२. संगठनमा नेतृत्वले समस्या हैन समाधान दिनुपर्छ ।
३. नेतृत्व दिनेले नीति, भिजन, योजना, मिसन र आचरण दिन सक्नुपर्छ । नेतृत्वले माथिका पाँच कुरा कार्यकर्तालाई दिन सक्नुपर्छ भने कार्यकर्ताले आफूभित्र पाँचै कुरा लागू गर्न सक्नुपर्छ ।
४. कार्यकर्ता स्वावलम्बी बन्नुपर्छ । उसले आफ्नो र पार्टीको स्वाभिमानलाई उँचो राख्नुपर्छ । नैतिकवान, समाधानमुखी, सक्रिय र क्रियाशील हुनुपर्छ ।
५. कार्यकर्ताले आफ्ना समस्या नेताको टाउकोमा हाल्नुहुन्न नेताले कार्यकर्ताको टाउकोमा थोपर्नुहुन्न ।
६. कमिटीभित्रका निर्णयहरूको पालना गर्ने परिपाटी बसाउनुपर्छ ।
७. विचार र काम गर्ने तरिका, सोच र व्यवहार संस्थामुखी हुनुपर्छ । संस्थालाई केन्द्रमा राख्नुपर्छ ।
८. संस्थालाई केन्द्र भागमा नराखेर व्यक्ति केन्द्र भागमा रहन्छ भने त्यो पार्टी नभएर गुटहरूको मण्डली हुन्छ । जब व्यक्ति केन्द्र भागमा हुन्छन्, त्यहाँ द्वन्द्व बढ्छ र संस्था गुटहरूको मञ्च बन्छ । यस्तोमा त्यो एउटा मोर्चा संगठन मात्र हुन्छ । हाल नेपालमा यस्तै भइरहेको छ ।
९. संस्था गुटहरूको मञ्चमा बदलिएपछि गुटका बोसहरू अलग बैठक गरेर आउँछन् र आफ्नो निर्णय लाद्छन् । आफ्नो कोसिस सफल नहुने देखे संस्था फुटाउने धम्की दिन्छन् ।
१०. एउटा पार्टीभित्र तीन चरित्र बोकेका नेता हुन्छन् - राजनेता, नेता र सरकार (बोस) ।

राजनेताले पार्टीभन्दा माथि उठेर सोच्दछ । राजनेताको पहिलो प्राथमिकता देश र जनता हुन्छ । पार्टी नेताले पहिलो प्राथमिकतामा पार्टीलाई राख्छ । पार्टी बलियो भयो भने देश र जनताको भलो गर्न सक्छु भन्ने उसको बुझाइ हुन्छ । बोसले गुटलाई पहिलो प्राथमिकतामा राख्छ । बोसलाई विचार र सिद्धान्तका मूल्यमान्यतासँग कुनै लेनादेना हुँदैन । उसलाई बलियो गुटमार्फत पार्टी कब्जा गर्ने चिन्ता हुन्छ । यसको लागि ऊ पैसाको जोहो गर्न थाल्छ । पैसाको प्रयोग गरेर आफ्ना वरिपरि विचारहीन मानिसको भीड जम्मा गर्न थाल्छ । जहाँबाट पैसा तान्न सकिन्छ तिनै मानिसहरू उसका प्रिय पात्र हुन्छन् ।

११. यस्तो अवस्थामा पार्टीभित्र नेता र राजनेताले त्याग्न योग्यलाई त्याग्न र ग्रहण गर्न योग्यलाई ग्रहण गर्न सक्नुपर्छ । गुण र दोषको आधारमा प्रमोसन र डिमोसन गर्न सक्नुपर्छ ।
१२. सैद्धान्तिक, राजनीतिक, वैचारिक र कार्यशैलीका व्यावहारिक मापदण्डको आधारमा मूल्याङ्कन गर्न सक्नुपर्छ । अर्गानिक बुद्धिजीवीबाट आएका नेता-कार्यकर्ता र रासायनिक तरिकाबाट आएका कार्यकर्ताका विशेषताको पहिचान गरी कामको जिम्मेवारी छुट्याउन सक्नुपर्दछ ।
१३. महाधिवेशन वा केन्द्रीय कमिटीबाट पारित निर्णयहरू कार्यक्रम र विधानको पालना माथिदेखि तलसम्मका कमिटीमा संगठित सदस्यहरूले कडाइका साथ गर्न सक्नुपर्दछ ।
१४. शीर्ष तहमा बसेर मनपरी गर्ने, उपदेश दिँदै हिंड्ने आचरणलाई कार्यकर्ताले अंकुश लगाउन सकेनन् भने त्यो नेता र कार्यकर्ताको पार्टी नभएर मालिक र दासको झुन्डमा फेरिनेछ । नेपालका कतिपय राजनीतिक पार्टीको भविष्य अन्धकार सुरुङमार्गतिर प्रवेश गर्न लागेको आभास अहिले आफूलाई अब्बल दर्जामा राख्ने केही पार्टीहरूले दिन थालेका छन् ।
१५. अर्गानिक बुद्धिजीवीबाट आएका हरेक पार्टीका कार्यकर्ताहरू साँच्चिकै व्यावहारिक र जनताप्रति उत्तरदायी भएर चल्छन् र राष्ट्रको हित चाहन्छन् भने उनीहरूले आफ्नो दललाई सही धारमा अघि बढाउनु आवश्यक छ । जता पानी बग्छ, त्यतै बहनु ठूलो कुरो हैन । धारको प्रतिकूल नाउ लैजानु सच्चा माझीको परिचय हो । **(साभार : अनलाइन खबरबाट)**

# वैदेशिक रोजगारी: सरकार संवेदनहीन

***मृत्युअघि उनले आगलागी भइरहेको होटलको बाह्रौं तलाको एउटा कोठाको झ्यालमा बसेर पठाएको भिडियो सन्देश निकै हृदयविदारक छ । ज्यान जोगाउने झिनो आशामा बाह्रौं तलाबाट हामफाल्दा उनको मृत्यु भएको हो ।***

**रत्न प्रजापति**

सरकारले जाने-बुझेकै कुरा हो कि देशमा मागअनुसारको रोजगारी सिर्जना हुन सकेको छैन । बर्सेनि ५ लाखभन्दा बढी जनशक्ति श्रमबजारमा प्रवेश गर्छन् र रोजगारीको अवसर खोज्छन् भन्ने अनौपचारिक तथ्यांक छ । तर, सरकारी तथा निजी कुनै पनि क्षेत्रबाट ती सबै जनशक्तिलाई पुग्ने गरी रोजगारी सिर्जना हुन सकेको छैन । सरकारी तवरमा रोजगारी सिर्जना अति न्यून छ र त्यो अति नै लामो प्रक्रियाको छ । बर्सेनि लाखौं जनशक्ति श्रमबजारमा प्रवेश गर्दा सरकारी तवरबाट भने हजारको संख्यामा पनि रोजगारी सिर्जना हुन सकेको छैन ।

यस्तो अवस्थामा रोजगारीका लागि आशा र भरोसाको केन्द्र भनेको निजी क्षेत्र नै हो । तर, निजी क्षेत्र सधैं सरकारको शङ्का र अविश्वासको घेरामा परेकाले निजी क्षेत्र उत्साहित हुनै सकेको छैन । सरकारबाट नीतिगत रूपमा हौसला र प्रोत्साहन नपाउँदा निजी क्षेत्र निराश छ । फलस्वरूप उद्योगधन्दाहरू फस्टाउनुको सट्टा जिङ्गिँदै गएको छ । सरकारी प्रोत्साहनको अभावले निजी क्षेत्र फस्टाउन नसक्दा रोजगारी सिर्जना झन्-झन् खुम्चिएको छ ।

नयाँ उद्योगधन्दा खुल्ने क्रम निकै सुस्त छ र भएका उद्योगधन्दा पनि पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन् । सेवामूलक संघसंस्थाहरूको हालत उस्तै छ । देशमा रोजगारी सिर्जना गर्ने मुख्य स्रोत भनेको उत्पादनमूलक क्षेत्र नै हो । उत्पादनमूलक क्षेत्रमा श्रम र प्रविधि दुवैको उत्तिकै खाँचो पर्ने भएकाले प्रविधिको जतिसुकै प्रयोग भए पनि श्रमको आवश्यकताले गर्दा उल्लेख्य संख्यामा रोजगारी पनि सिर्जना हुँदै आएको थियो । तर, अहिले विविध कारणले उद्योगधन्दा सुस्ताउँदा हजारौंको रोजगारी खोसिएको छ ।

विदेशमा दुःख गरेर विप्रेषण पठाउने र देश चलाउन मद्दत गर्ने नेपाली जनतासँग सधैं नजिक हुनुपर्छ र जनतालाई सरकार साथमा छ भन्ने अनुभूति गराउनुपर्छ भन्ने आवश्यकता सरकारले अझै ठानेको छैन । सरकार संवेदनहीन छ । सरकार कृतघ्न छ ।

निर्माण क्षेत्रको अवस्था पनि उस्तै छ । सेवामूलक संघसंस्थाहरूले सिर्जना गर्ने रोजगारीको अवसर पनि बढ्नुको सट्टा घटिरहेको छ । विगतमा निकै उत्साहपूर्वक बैंक तथा वित्तीय संस्थाहरू खुलेका थिए । तिनले देशभर शाखा/उपशाखा खोलेर उल्लेख्य संख्यामा रोजगारी सिर्जना गरी हजारौं जनशक्तिलाई रोजगारी दिएको थियो । तर, अहिले त्यस्ता संस्थाहरू एकआपसमा मर्ज हुँदै कर्मचारी कटौती गरिरहेका छन्, जसले गर्दा रोजगार जनशक्ति पनि पुनः बेरोजगार बन्न विवश छन् ।

नयाँ रोजगारी सिर्जना गरी श्रमबजारमा प्रवेश गर्ने जनशक्तिलाई रोजगारी दिएर बेरोजगारी समस्या समाधान गर्नुपर्ने अवस्थामा भएको रोजगारी नै गुम्दा बेरोजगारीको अवस्था कहालीलाग्दो बन्न पुगेको छ । कहींकतै थोरै संख्यामा रोजगारीको अवसर खुल्दा हजारौंको संख्यामा त्यही अवसर प्राप्त गर्न संघर्ष गरिरहेको दृश्यले नै देशमा बेरोजगारीको अवस्था कहालीलाग्दो बनेको पुष्टि गर्छ । रोजगारीको अवसर नपाएको अवस्थामा स्वरोजगार बनी केही गरिखान खोज्ने युवाले पनि केही गर्ने अवसर र वातावरण पाएका छैनन् ।

आर्थिक तथा सामाजिक व्यवधान, राजनीतिक अड्चन, नीतिगत तथा कानुनी झन्झट र जटिल एवं लम्बेतान प्रक्रिया अनि सुस्त र भ्रष्ट कर्मचारीतन्त्रले गर्दा महत्त्वाकांक्षी युवा निराश हुन बाध्य छन् । यस्तै निराश युवाले जवाफदेहिताविहीन सरकार र सुस्त अनि भ्रष्ट कर्मचारीतन्त्रलाई सराप्दै अवसरको खोजीमा देश छोड्दै छन् । युवाले देश छोड्ने क्रम घट्ने होइन, दिनप्रतिदिन बढ्ने क्रममा नै छ । अध्ययन अथवा रोजगारीका लागि देश छोड्न हतारिँदै पासपोर्ट र भिसाका लागि जिल्ला प्रशासन कार्यालय र राजदूतावासहरूमा लाग्ने युवाको भीडले देश युवाविहीन हुने सङ्केत पनि गरिरहेको छ ।

यो कुराबाट सरकार पक्कै अनभिज्ञ छैन । विडम्बना नै भन्नुपर्छ, युवा विदेश पलायनको लहर देखेर पनि सरकार फिटिक्कै चिन्तित छैन । न त कुनै गम्भीरता नै छ सरकारमा । बरु यसरी देशबाट निराश भएर गएका युवाले विदेशमा जागरूक भएर आर्जन गरी पठाएको विप्रेषणले देश चलाउन पाउँदा सरकार निश्चिन्त छ । बढ्दो विप्रेषणको आँकडा हेरेर सरकार दङ्ग छ र अझै बढी विप्रेषण भित्र्याउनुपर्छ भन्ने सोचले विप्रेषणमुखी नीति तर्जुमा गर्न सरकार प्रयत्नशील छ ।

तर, विप्रेषण पठाएर देशको अर्थतन्त्र चलाउन सघाउने वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउने कुरामा भने सरकार बेपरवाह छ । नेपाली युवाले विदेशमा दुःख गरेर विप्रेषण पठाइरहेका छन् । त्यही विप्रेषणले देशको अर्थतन्त्र चलिरहेको छ । विकास-निर्माणको काम भइरहेको छ । बढ्दो आयातलाई धानिरहेको छ । तत्काल आर्थिक सङ्कट पर्नबाट बचाइरहेको छ । यसरी देशका लागि महत्त्वपूर्ण योगदान गर्ने युवाप्रतिको जिम्मेवारी भने सरकारले फिटिक्कै महसुस गरेको देखिँदैन ।

रोजगारीका लागि बिदेसिन खोज्ने युवाले देश तथा विदेशमा भोग्ने गरेका र भोगिरहेका अनेकौं समस्याबाट सरकार बेखबरझैं छ । समस्यामा परेका कामदारलाई सहयोग गर्नमा सरकारको तदारुकता र प्रतिबद्धता फिटिक्कै देखिँदैन । ठगिएका वा अन्यायमा परेका कामदारलाई न्याय दिलाउने काममा पनि सरकारको तदारुकता देखिँदैन । ढिलो न्याय पाउनु न्याय नपाउनुसरह हो ।

देश तथा विदेशमा विभिन्न खालका समस्याबाट पीडित नेपाली कादारको संख्या उल्लेख्य छ ।

सबैले सरकारको सहयोग र सहानुभूति पाउन सकेका छैनन् । यतिसम्म कि विदेशमा कामको सिलसिलामा विभिन्न कारणले मृत्यु हुने कामदारहरूको दिनहुँ सरदर तीन वटाको दरले लास आइरहेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा त्यसरी लास ल्याउने र लास बुझ्न जाने परिवारका सदस्यहरूको विलौना र अलापविलापले सर्वसाधारणको मुटु छियाछिया पार्छ । संवेदनाले भरिन्छ सबैको मन र मुटु । तर, सरकार संवेदनहीन छ । त्यो संवेदनाले छुँदैन सरकारलाई । त्यो लास कसरी ल्याइयो ? कसरी कहाँ पुऱ्याइन्छ ? मृत्यु हुने कामदारको परिवारमा कस्तो बज्रपात परेको छ ?

यी आदि-इत्यादि कुरामा सरकारको कुनै चासो हुन्न । बरु विदेशबाट आउने विप्रेषणचाहिँ बैंकिङ प्रणालीबाटै आउनुपर्छ भन्ने मात्रै चासो छ सरकारलाई । ताकि सरकारलाई अर्थतन्त्र चलाउन सजिलो होस् र देश चलाउन सजिलो होस् । भर्खरै एउटा दुःखद् भिडियो सामाजिक सञ्जालमा भाइरल भएको छ । कम्बोडिया र थाइल्यान्डको सिमानानजिकै रहेको पोइपोटस्थित ग्रान्ड डायमन्ड सिटी होटलको क्यासिनोमा भएको भीषण आगलागीमा परी झापाका ४० वर्षीय निराकार पाण्डे (विपिन) को मृत्यु भएको छ ।

मृत्युअघि उनले आगलागी भइरहेको होटलको बाह्रौं तलाको एउटा कोठाको झ्यालमा बसेर पठाएको भिडियो सन्देश निकै हृदयविदारक छ । ज्यान जोगाउने झिनो आशामा बाह्रौं तलाबाट हामफाल्दा उनको मृत्यु भएको हो । यहाँनेर सोचनीय कुरा के छ भने निराकार पाण्डेले त बाँच्नका लागि हाम्फालेका हुन् । तर, धेरै नेपाली कामदारले मर्नकै लागि हाम्फालेका छन् । यसरी मर्न विवश पारेको छ वैदेशिक रोजगारीले । वैदेशिक रोजगारीमा धेरै समस्या छ र त्यसको उचित व्यवस्थापनको खाँचो छ ।

धेरै नेपाली कामदार विदेशी भूमिमा जोखिमपूर्ण काम गरिरहेका छन् । काम गर्दागर्दै दुर्घटनामा परेर दिनहुँ धेरै नेपाली कामदार मरिरहेका छन् । कोही शरीरको अङ्ग नै गुमाएर जीवनभरि शारीरिक विकलाङ्गता बोकेर बाँच्न विवश बनेका छन् । तर, विप्रेषणको चमकमा यस्ता घटनाहरू ओझेलमा परेका छन् । सरकार नेपाली कामदारले विदेशमा काम गरेर विप्रेषण पठाउँदा खुसी छ ।

तर, तिनै कामदार र तिनको परिवारलाई दुःख पर्दाचाहिँ किन सरकार बेखबरझैं बस्छ ? किन जनताको दुखसँग टाढा हुन्छ र निरपेक्ष बस्छ ? नेपाली कामदारले ठूलो परिमाणमा विप्रेषण पठाउँदा गर्व गर्ने सरकारले तिनै नेपालीलाई दुःख पर्दा सहयोग गर्नुपर्दैन ? परिवारलाई सान्त्वना र सहानुभूति दिनुपर्दैन ? पीडित र तिनका परिवारलाई क्षतिपूर्ति दिनुपर्दैन ? यस्तो गर्नु सरकारको दायित्वभित्र पर्दैन र ?

सरकारी तथ्यांकअनुसार गत वर्ष १० खर्ब रूपैयाँ विप्रेषण भित्रिएको थियो भने चालू आर्थिक वर्षको चार महिनामै ३ खर्ब ७८ अर्ब रुपैयाँ विप्रेषण भित्रिइसकेको छ । यसमा दिनहुँ बाकसमा बन्द भएर आउने धेरै नेपाली कामदारको हिस्सा छ । यो कुरा सरकारले बिर्सनु हुँदैन । विदेशी भूमिमा काम गर्दागर्दै दुर्घटनामा परी मृत्यु हुने अथवा शारीरिक विकलाङ्गता बोकेर बाँच्न विवश कामदार र तिनका परिवारलाई सरकारले सकेको सहयोग, सान्त्वना र सहानुभूति दिनुपर्छ ।

विदेशमा काम गर्दागर्दै दुर्घटनामा परेर मरेका धेरै नेपाली कामदारको समाचार नै बनेको छैन । समाचार नबनेका नेपालीको दुःख अरूले थाहा पाउनै सक्दैनन् । समाचारमा आएकै नेपालीका घरपरिवारसम्म पुगेर सहानुभूति र सान्त्वनासम्म दिने काम पनि सरकारले गर्न सकेको छैन । बैंकिङ प्रणालीबाट आउने विप्रेषणमा सरकारको अपनत्व भएजस्तै बाकसमा बन्द भएर आउने नेपाली कामदार र तिनका परिवारप्रति पनि सरकारले अपनत्व महसुस गर्न सक्नुपर्छ ।

बाकसमा बन्द भएर आउने नेपाली कामदारका परिवारको पीडामा सरकारले सहानुभूति र सान्त्वना दिनुपर्छ । तर सोध्न कर लाग्छ, अहिलेसम्म कति त्यस्ता परिवारमा पुगेको छ सरकार ? कतिलाई सहानुभूति र सान्त्वना दिएको छ सरकारले ? उत्तर नकारात्मक आउँछ । विदेशमा दुःख गरेर विप्रेषण पठाउने र देश चलाउन मद्दत गर्ने नेपाली जनतासँग सधैं नजिक हुनुपर्छ र जनतालाई सरकार साथमा छ भन्ने अनुभूति गराउनुपर्छ भन्ने आवश्यकता सरकारले अझै ठानेको छैन । सरकार संवेदनहीन छ । सरकार कृतघ्न छ । **(साभार : कारोबारडेलीबाट)**

# एक दिने स्वास्थ्य शिबिर सम्पन्न

**पोष्ट संवाददाता**

बाजुरा। बाजुराको बडिमालिका नगरपालिका-७ मा आयोजित एक दिने आँखा कान र अपाङ्गता भएकाहरुका लागि एक दिने स्वास्थ्य शिबिर सम्पन्न भएको छ।

वडा कार्यालय बडिमालिका नगर पालिका स्वास्थ्य शाखाको आयोजनामा सो शिबिर सम्पन्न भएको छ। गोर्खा वेल्फेयर ट्रष्टको आर्थिक सहयोगमा सो शिबिर सम्पन्न भएको बडिमालिका नगरपालिका वडा न ७ का वडा अध्यक्ष तथा नगर प्रबक्ता धर्मराज पाध्यायले बताएका छन।

सो शिबिरमा करिव १ सय जनाले सेवा लिएको वडा अध्यक्ष पाध्यायले बताएका छन। वडामै बिषशेज्ञ सहित सेवा दिएकोले धेरैले लाभ लिएको वडा अध्यक्ष पाध्यायले बताएका छन। सो शिबिरमा धेर अशक्त तथा बिपन्नहरुलाई त्याहा बाट बिरामी छनौट गरी बिषशेज्ञ सहित निशुल्क उपचारका लागि बाहिर लिन सकिने स्वास्थ्य कर्मीहरुले बताएका छन्।

# डिसिए कप
# बात्साल्या र लिटिल फ्लावर विजयी

**पोष्ट संवाददाता**

धनगढी। धनगढीमा जारी दीपेन्द्र श्वार स्मृति डीसीए कप इन्टर स्कुल क्रिकेट टुर्नामेन्टमा कञ्चनपुरको वात्साल्या विद्या निकेतन र लिटिल फ्लवार इङ्लिस स्कुलले जित हात पारेका छन्।




बिहान भएको खेलमा बाल्साल्याले कैलाली विद्या निकेतनलाई ६ विकेटले हरायो। टस जितेर पहिले ब्याटिङ गरेको कैलाली विद्या निकेतनले ५८ रन बनाएको थियो। उसका मुकेश शाहले १९, महेन्द्र विष्टले ८, निशान उपाध्यायले ९ रन जोडे। बात्साल्याका विक्रम चन्दले ४ तथा निरज सिंह कार्कीले ३ विकेट लिए।

यस्तै जवाफी ब्याटिङमा बात्साल्यले ६.१ ओभरमा ४ विकेट गुमाएर लक्ष्य भेटायो। उसका विक्रम चन्दले २६ र रोहन दियालले ७ रनको पारी खेले। अतिरिक्त मार्फत बात्साल्याले २० रन पायो। कैलालीका मुकेश साहले ३ किवेट लिए।

दिउँसो भएको खेलमा लिटिल फ्लावर इङ्लिस स्कुलले त्रिनगर सेकेन्डरी स्कुललाई १० विकेटले पराजित गर्यो। टस जितेर ब्याटिङ गरेको त्रिनगरले ११.६ ओभरमा सबै विकेट गुमाएर ४७ रन बनाएको थियो। उसका प्रेम कुन्जेडाले १६ बाहेक अन्यले दोहोरो अंक जोड्न सकेनन।

लिटिल फ्ल्वारका रोशन रावल र सुवोध तिवारीले समान ३-३ विकेट लिनुभयो। त्यसबाहेक सचिन भट्ट र आशिष साहुले २-२ विकेट हात पारे।

जवाफी ब्याटिङमा लिटिल फ्ल्वारले ३.२ ओभरमा विना कुनै विकेटको क्षतिमा लक्ष्य भेटायो। उसका आरिष बोहले ३० तथा यशकुमार कठायतले ८ रन जोड्नुभएको थियो। खेलको म्यान अफ द म्याच लिटिल फ्ल्वारका रोशन रावल भए।

माघ १६ गतेसम्म चल्ने प्रतियोगिताको विजेताले ५० हजार तथा उपविजेताले ३० हजार पाउनेछ।

यस्तै प्लेयर अफ द टुर्नामेन्टले ५ हजार नगदसहित डीसीएमा ४ महिनाको छात्रवृत्तिमा क्रिकेट सिक्न पाउने डिसीएका व्यवस्थापक समुयल न्यौपानेले बताए। त्यसबाहेक वेस्ट बलर र बेस्ट ब्याटरले ३-३ हजार नगद र ३ महिनाको छात्रवृत्ति पाउनेछन्। डीसीएका पुर्व खेलाडी समेत रहेका दीपेन्द्र स्वारको सडक दुर्घटनामा निधन भएको थियो। आफ्नो छोराका स्मृतिमा परिवारले हरेक वर्ष उनको स्मृतिमा क्रिकेट प्रतियोगिता गर्दै आएको छ।

प्रतियोगितालाई एसपीए कलेज, गुरुकुल एकेडेमी, गुरुजी सपिङ एण्ट सुटिङ, सिभिल बैंक, नवजीवन हस्पिटल तथा सौराई स्वायरलगायतले प्रायोजन गरि सहयोग गरेका छन्।

# एम्बुलेन्स नहुँदा बिरामी बोक्न समस्या

**पोष्ट संवाददाता**

दार्चुला। जिल्लाको मालिकार्जुन गाउँपालिका वडा न २ न्वालपानीकि एक महिलालाई सुत्केरी ब्यथा लाग्यो। सुत्केरी ब्यथा लागेपछि स्वास्थ्य संस्थासम्म पुर्‍याउन न त बाटो घाटो नै राम्रो छ नत स्टेचर नै गाउँ मा छ। बिहीबार रातीदेखि मालिकार्जुन गाउँपालिका- २ न्वालपानीकी ईन्नरा धामीलाई ब्यथा लागेको भए पनि उचित सामग्री नभएर स्वास्थ्य चौकी पुर्यान ढिला भयो।

सुत्केरी व्यथा लागेपछि स्वास्थ्य संस्था लैजान गाउँमा स्ट्रेचरको खोजी हुन थाल्यो। तर, कहीँ पनि स्ट्रेचर भेटिएन। गर्भवति ती महिलालाई पिठ्युँमा बोकेर लैजाने अवस्था पनि थिएन। केही सीप नचलेपछि स्थानीयहरुले काठमा डोरी बेर्दै मान्छे अटाउने स्ट्रेचर निर्माण गरे।

त्यसैमा राखेर धामीलाई वडा नम्बर २ कै भगवती स्वास्थ्य चौकी (बर्थिङ सेन्टर) ठिङ पुर्‍याइयो। ती महिलालाई स्ट्रेचर नभएर खाटको डोरीमा बोकेर स्वस्थ्य चौकी लगिएको मालिकार्जुन गाउँपालिका २ का स्थानीय प्रकाश सिंह धामीले बताए।

उनले गाउँमा सिंह दरबार आयो भनिए पनि मालिकार्जुन पालिकको अवस्था दयालाग्दो भएको बताए। गाउँ न्वालपानीमा कम्तिमा ७० परिवारको बस्ने तर उक्त बस्तीमा एउटा स्ट्रेचर समेत नभएको उनको भनाइ छ।

देश संघीय प्रणालीमा गएपनि दुर्गमका जन्ताले भने कहैलै सुख भोग गर्न नपाएको गुनासो उनले गरे। सडक छैन, बिजुली छैन,पिउने पानी छैन। हजारौं समस्यासित दुर्गमका जनताले अकलमै ज्यान गुमाउनु परेको छ। यस्तो अवस्था आउँदासम्म मालिकार्जुन गाउँपालिकाको भने कुनै ध्यान गएको छैन, उनले भने। कोही बिरामी भइहाले पनि अस्पताल पुर्‍याउन जोखिम मोलेर घण्टौं हिडनुपर्छ।'

## हिमाली क्षेत्रमा..

समेत वर्षा नहुँदा खोलाको पानी सुकेर बाली सप्रिन पाएको छैन्।' बर्खामा मकैबाली राम्रै फल्ने भए पनि सिंचाई अभावमा हिउँदे बाली सुक्ने गरेको स्थानीय जनक जोशीले बताए।

## गोदावरी नगरपालिका...

गरिदिन आग्रह गरे।

गोदावरी नगरपालिकाका मेयर वीरेन्द्र भट्टले लेखा अधिकृत अनिवार्य अवकासमा गएका कारण ढिलाई भएको बताए। उनले नयाँ लेखा अधिकृत ल्याउनको लागि प्रयास गरेपनि संघबाट पठाउन ढिलाई भएको बताए।

'लेखा शाखा प्रमुख पनि अनिवार्य अवकास भएकाले पनि यसमा समस्या देखिएको हो' उनले भने 'समस्या सामाधानको लागि हामीले महालेखा परीक्षकबाट एक जना कार्यालय प्रमुखको नाममा मलेपमा गएर खाता खोलेका छौँ। पैसा जम्मा भइसकेको छ अब सोमबारदेखि रोकिएका आर्थिक समस्या समाधान हुनेछ।'

उनले नगरभित्रका विद्यालयहरुले मंसिरमा भर्नुपर्ने माग फारम नभरेका कारण पनि केही विद्यालयमा तलव पाउन ढिलाई भएको बताए। उनले भने 'माथिबाट ३/३ महिनामा तलव आउने गरेको छ। तर, त्यसका लागि मंसिर भित्र माग फारम भरिसक्नु पर्ने हुन्थ्यो तर, केही विद्यालयहरुले माग फारम नभर्दा पनि तलव रोकिएको छ। माग फारमा भरेका विद्यालयले तलव पाएका छन।'

## कर्णालीको मुख्यमन्त्रीले...

राख्दै कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाहीले भोट दिएर विपक्षमा बस्न नसक्ने बताए। मुख्यमन्त्रीलाई समर्थन गर्ने वित्तिकै विपक्षीमा बस्न नमिल्ने भन्दै उनले भने, 'दुनियाँले जे सुकै भनोस्, म निर्वस्त्र हिँड्छु भन्न सक्ने अवस्था रहेन।'

कर्णाली सरकारको नेतृत्व ५ वर्ष नै माओवादीले गर्ने केन्द्रीय सहमति भएको थियो। तर सत्ता गठबन्धनबीच केन्द्रमा भएको सहमति सच्याउँदै कर्णालीमा एमाले र माओवादीले आलोपालो सरकारको नेतृत्व गर्ने सहमति गरेका छन्। सोही सहमति अनुसार शर्माले साढे दुई वर्ष मुख्यमन्त्री रहने छन्। पहिलो पटक संसदीय यात्रा थालेका शर्मा पहिलो प्रयासमै मुख्यमन्त्री बनेका हुन्। शर्मा रुकुम पश्चिम -२ बाट निर्वाचि भएका हुन्।

**पत्रिका मागेर होइन किनेर पढौं।**

**कर्मचारी आवश्यकता**

यस ए-वान ड्राईक्लीनर कम्पनीलाई दुई महिला कर्मचारी (रिसेप्सनीष्ट (Receptionist) को आवश्यकता भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला।

तलब : आपसी सहमतीमा।

**सम्पर्क नं. :**
ए-वान ड्राईक्लीनर
मेनरोड धनगढी (चौलानी डिपार्टमेन्टल स्टोरको अगाडि)
फोन : ९८०४६०९३२२

**धनगढी उप-महानगरपालिका**
धनगढी, कैलाली

**संधियारको नाममा जारी सूचना**

यस उप-महानगरपालिकाका वडा ८ धनगढी गाउँमा अवस्थित कित्ता नं. ३६४ क्षेत्रफल ३०५ व.मि.मा भवन निर्माण गर्ने घरधनी श्री भागमती कुमारी चौधरीले यस न.पा.मा पेश गरेको नक्सा बमोजिमको भवन निर्माण गर्न निवेदन पेश गरेकोमा संधियारको नाममा यो सूचना प्रकाशित गरिएको छ। निवेदन साथ पेश हुन आएको प्रमाण र नक्साको आधारमा निर्माण स्वीकृति दिंदा तपाईको जग्गा लगायत सार्वजनिक स्थलको हानि नोक्सानी हुन्छ हुँदैन, सन्धि सर्पन हानि नोक्सानी हुने भए यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सबुत प्रमाण सहित नगरपालिकामा उजुर गर्नु सुचित गरिन्छ। म्याद नाघी आएको उजुरी उपर कुनै किसिमको कारवाही नहुने व्यहोरा जानकारी गराइन्छ।

**१. निर्माणको निमित्त प्रस्तावित जग्गाको चारकिल्लाको विवरण**

| दिशा | आफ्नो जग्गा लम्बाई (फिट/मिटर) | छाडेको आफ्नो जग्गा (फिट/मिटर) | संधियार | | |
|---|---|---|---|---|---|
| | | | कि.नं. | लेन्डस्केपको प्रकार | नाम |
| पूर्व | | | | | दिपक पार्की |
| पश्चिम | | | | | ईश्वर कुमारी आग्री |
| उत्तर | | | | | सडक |
| दक्षिण | | | | | सक्खा राना |

घरको नाप: लम्बाई ४७'९" चौडाई ३३'६" उचाई : ३१'३" तल्ला संख्या: ३

**२. साईट प्लानको नक्सा**

कुनै पनि व्यक्तिले जात, जाति र अन्तरजातीय विवाहका आधारमा परिवारका सदस्यलाई बहिष्कार गर्ने, घरभित्र प्रबेश गर्न नदिने, गाउँ निकाला गर्ने, त्यस्ताबाट जन्मिएका सन्तानको न्वारान नगर्ने जस्ता भेदभावपूर्ण कार्य गर्नु, गराउनु हुँदैन। त्यस्तो कार्य गर्ने व्यक्तिलाई जातीय भेदभाव तथा छुवाछुत कसुर र सजाय ऐन, २०६८ बमोजिम तीन महिना देखि तीन वर्षसम्म कैद वा एक हजार देखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**बसन्त पञ्चमी (सरस्वती पुजा)को हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं।**

नि:शुल्क भर्ना खुल्यो ! नि:शुल्क भर्ना खुल्यो ! नि:शुल्क भर्ना खुल्यो !

**यस लिटिल एन्जल्स मन्टेश्वरी विद्यालय धनगढी -८, सेतोपुल नजीकै बसन्त पञ्चमी (सरस्वती पुजा)को पावन अवसरमा नि:शुल्क भर्ना खुलेको सहर्ष जानकारी गराउँदछौं। सिट सिमीत भएकोले समयमै सम्पर्क राख्न अनुरोध छ।**

**हाम्रा विशेषताहरू**

- नि:शुल्क भर्ना।
- मन्टेश्वरी पद्धतिबाट पढाई हुने।
- शान्त र सुरक्षित निजि भवन।
- स्कुल भ्यानको व्यवस्था।
- सि.सि. टि.भि. जडान गरिएको।
- तालिम प्राप्त, योग्य र मिलनसार स्कूल स्टाफहरू।
- शुद्ध तातो-चिसो खाने पानीको व्यवस्था।
- अतिरिक्त क्रियाकलाप (नाच, गान, क्रीकेट, फुटबल, हाजिरी जवाफ प्रतियोगिता र विजयीलाई आकर्षक पुरस्कार।
- अडियो भिजुअल क्लास।
- दैनिक दुई पटक शुद्ध सफा पौष्टिक खानाको व्यवस्था।

**Dr. Bhaskar Upadhyay** is a chief director of Little Angles Montessori (Professor of STEM & International Development Education, College of Education & Human Development, University of Minnesota, Minneapolis, USA.



**लिटिल एन्जल्स मन्टेश्वरी**
धनगढी-८, सेतोपुल
Little Angels Montessori Estd 2078
Quest For Excellence
सम्पर्क : ०९१-५२६४२९, ९८४७५११७७६, ९८२५६०९६९७

| २०७९ | यस्तो | छ | तपाईको | राशिफल | माघ ७ |
|---|---|---|---|---|---|

**(मेष)** चु,चे, चो, ला, लि, लु, ले,
योजना सम्बन्धी गोपनीयतामा ध्यान पुर्याउनुहोला। नयाँ काममा हात हाल्ने समय छ। स्थायी सम्पत्ति जोड्ने समय छ।

**(बृष)** इ, उ, ए, ओ, वा, वि, वु, वे, वो
प्रेम र मित्रताको बन्धन कसिलो हुदै जानेछ। भने नयाँ कामको प्रस्ताव आउने समय रहेको छ भने साथ दिनेहरू बढ्नेछन्।

**(मिथुन)** का, कि, कु, घ, ङ, छ, के, को, ह
रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। पहिलेको सफलताले थप हौसला जगाउनेछ।

**(कर्कट)** हि, हु, हे, हो, डा, डि, डु, डे, डो
आम्दानीका स्रोत बढ्नुका साथै फाइदा हुने काममा सम्झौता गर्ने समय छ। विछोडिएका परिवारजनसँग भेटघाट हुनेछ।

**(सिंह)** मा, मि, मु, मे, मो, टा, टि, टु, टे
श्रम गरीकन चिताएको मूल्य प्राप्त नहुन सक्छ। बेसुरमा काम गर्ने बानीले मेहनत खेर जानेछ। सचेत रहनु बेस होला।

**(कन्या)** टो, प, पी, पू, ष, ण, ठ, पे, पो
रचनात्मक काम बन्नुका साथै मनग्य धन आर्जन हुनेछ। विगतका कमी कमजोरीलाई पनि सुधार गर्ने मौका छ।

**(तुला)** रा, री, रु, रे, रो, ता, ती, तु, ते
शुभचिन्तकहरूको सुझावलाई ध्यान नदिँदा दु:ख पाइएला। तर खर्च लागे पनि दिगो आम्दानी हुने काम फेला पार्न सकिनेछ।

**(वृश्चिक)** तो, ना, नि, नू, ने, नो, या, यि, यू
बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने अवसर प्राप्त हुनेछ। मेहनतले सम्मानित स्थान दिलाउनेछ।

**(धनु)** य, यो, भा, भी, भू, ध, फा, ढ, भे
कमजोरीको फाइदा अरूले उठाउन सक्छन्। पुरानो गतिले पनि काम बिग्रन सक्छ। सचेत भएर अगाडी बढ्नु होला।

**(मकर)** भो,जा,जी,,जू,जे,जो,ख,खि,खु,खे,खो,गा,गी
पहिलेका सम्झौता तोड्नुपर्ने आवश्यकता पर्न सक्छ। अरूको भरपर्दा काम रोकिन सक्छ। आश्वासन बाँड्नेहरूले झुक्याउनेछन्

**(कुम्भ)** गु, गे, गो, सा, सी, सु, से, सो, द
परिस्थितिले पनि अप्ठ्यारो मोडमा पुर्याउन सक्छ। मान-सम्मान प्राप्त हुनेछ। बौद्धिक अभिव्यक्तिले ठूलो अवसर दिलाउन सक्छ।

**(मीन)** दी, दू, थ, झ, ञ, दे, दो, च, ची
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनुका साथै सानो प्रयत्नले ठूलो काम सम्पादन हुने समय रहेको छ।

**खुशीको खबर ! खुशीको खबर !!**

*"सीप सिकौं आत्मनिर्भर बनौं।"*

हाम्रो यहाँ दक्ष, अनुभवी प्रशिक्षकद्वारा तालिम दिईनुका साथै दक्ष कालीगढबाट अर्डर अनुसारको आधुनिक कपडाहरु सिलाई गरिन्छ।

४ जनाको समूह बनाइ आएमा १ जनाको फी छुट गरिनेछ।

साथै कपडा पनि उपलब्ध छ।

**वबी बुटिक**
एल.एन.चौक, धनगढी
**मो.नं.: ९८४८६८२३०, ९८११६७६४५९**

प्रधानमन्त्री महिला क्रिकेट कप

# सुदूरपश्चिम फाइनलमा



**पोष्ट संवाददाता**
धनगढी । मधेश प्रदेशमाथि १ सय १४ रनको प्रभावशाली जित निकाल्दै सुदूरपश्चिम टिम प्रधानमन्त्री कप राष्ट्रिय महिला टी-२० क्रिकेटको फाइनलमा पुगेको छ ।

इटहरीको जनता मावि मैदानमा शुक्रबार विहान भएको खेलमा टस जितेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित ओभरमा २ विकेट गुमाए १ सय ८० रनको विशाल योगफल खडा गरेको थियो । प्रतियोगितामा अहिलेसम्म कुनै पनि टिमले बनाएको यो सबैभन्दा ठूलो योगफल हो ।

सुदूरपश्चिमका ओपनरद्वय कप्तान विन्दू रावल र कविता कुँवरले १ सय २८ रनको साझेदारी गरेका थिए । यो प्रतियोगिताकै सर्वाधिक ओपनिङ साझेदारी हो । ५४ बलमा १२ चौका र १ छक्का सहित ७० रन बनाएर कविता आउट भएपछि आएकी कविता जोशीसँग मिलेर कप्तान विन्दूले दोस्रो विकेटका लागि ५२ रनको साझेदारी गरिन् ।

अविजित रहेकी विन्दूले ५२ बलमा ९ चौकासहित ६० रन बनाइन् । इनिङ्सको अन्तिम बलमा आउट हुनुअघि कविता जोशीले १५ बलमा ४ चौका र २ छक्का सहित ३२ रनको पारी खेलिन् । सुदूरपश्चिमले १८ अतिरिक्त रन पाएको थियो । बलिङमा मधेशकी साना प्रविण र भूमी सिंहले १-१ विकेट लगिन् । जवाफमा मधेशले ८ विकेट गुमाएर ६६ रनमात्र बनाउन सक्यो । उसका लागि एलिशा यादव (१४ रन), सीमा कुँवर (१६ रन) र प्रतिमा साह (१९ रन)बाहेक अन्यले दोहोरो अंकको स्कोर गर्न सकेनन् । मधेशका दुई ब्याटर खाता नखोली, दुईजना २ रनमा आउट भएका थिए भने ३ जनाले एकभन्दा बढी रन स्कोर गर्न सकेनन् ।

मधेशलाई सस्तैमा रोक्न सुदूरपश्चिमका मनिषा चौधरी र ऋतु कनोजियाले २-२ विकेट लिए । कविता कुँवर र स्नेहा महराले १-१ विकेट लिए । प्रतियोगिताको देस्रो सेमिफाइनलमा विभागीय टोली एपीएफ र घरेलु टोली प्रदेश १ बीच शुक्रबारै प्रतिस्पर्धा भइरहेको छ । सुदूरपश्चिमले यो खेलको विजेतासँग शनिबार उपाधिका लागि खेल्नेछ ।

# गोदावरी नगरपालिका अगाडी शिक्षकको धर्ना



**पोष्ट संवाददाता**
धनगढी । तलव नपाएपछि चरण बद्ध आन्दोलनमा उत्रेका गोदावरी नगरपालिकामा कार्यरत नगर शिषकले शुक्रबार नगरपालिका कार्यालय अगाडी धर्ना दिएका छन् ।

पुर्व निर्धारित कार्यक्रम अनुसार विभिन्न शिक्षक संगठनहरुले समयमा तलव दिइनुपर्ने लगायतका माग राख्दै शुक्रबार नगरपालिका अगाडी विरोध सभाको आयोजना गरेका हुन् । विरोध सभामा गोदावरी नगरशिक्षक समिति, एकिकृत अखिल नेपाल शिक्षक संगठन, नेपाल राहत शिक्षक समिति र नेपाल राष्ट्रिय शिक्षक संगठनहरुको सहभागिता रहेको थियो ।

विरोध सभालाई सम्बोधन गर्दै नेपाल राष्ट्रिय शिक्षक संगठन गोदावरी नगर कमिटीका अध्यक्ष नरेन्द्रराज शर्माले शिक्षाको गुणस्तर विग्रेको दोष शिक्षकलाई दिइएपनि राज्यले शिक्षकलाई अधिकारबाट संकुचित गरेको बताए । उनले गोदावरी नगर भित्रका शिक्षकहरुको समस्या नगरपालिकाले सुन्ने प्रयास समेत नगरेको बताए । 'गोदावरीमा शिक्षाका समस्या नै समस्या छन्, तर, नगरपालिकाले कुनै समस्या सामाधन गर्न पनि चासो देखाएको छैन,' उनले भने, 'हाम्रा कुरा सुन्न पनि नगरपालिकाले निषेध गरेको छ । त्यसैले हामी सडकमा आउन बाध्य भएका छौ ।'

उनले नगरपालिकाले मासिक रुपमा तलव खुवाउने व्यवस्था गर्नुपर्ने बताए । 'हामीले काम गरिसकेपछि हामीले ज्याला पाउनु पर्ने हाम्रो अधिकार होइन ? हाम्रो अधिकार किन खोसिएको छ ?' उनले भने 'हामीले ४ महिना सम्म पनि तलब पाएका छैनौ । हामीले के विगारेका छौ । हामीमाथि किन यस्तो व्यवहार गरिन्छ ।'

उनले नगरपालिकामा २/२ महिना सम्म लेखापाल नहुनु हास्यापद विषय भएको बताए । उनले नगरपालिकाले गरेको लापरवाहिको शिक्षकरुले पीडा भोगिरहेको बताए ।

गोदावरी नगर शिक्षक समितिका सहसचिव कृष्णबहादुर विकले नगरपालिकाले आफ्ना माग सुन्न नचाहेका कारण विरोध गर्न बाध्य भएको बताए । उनले नगरपालिकामा १४४ जना नगर शिक्षक कार्यरत रहेको र, नगर शिक्षकले नै गोदावरीको शिक्षाको भार धानेको बताए ।

उनले यती ठूलो संख्यामा रहेका नगर शिक्षकको नगरपालिकाले वेवास्था गरेको बताए । 'गोदावरी नगरपालिकाले नगर शिक्षकको उचिव व्यवस्थापन गरोस भन्ने हाम्रो माग छ । नगरपालिकाले बनाएको नगरशिक्षक कार्यविधि अनुसार काम गरिनुपर्छ' उनले भने 'लामो समय देखि काम गरेका नगर शिक्षकलाई तत्काल नियुक्ती पत्र दिएर सरकारी मापदण्ड अनुसार सेवा सुविधा दिनु पर्छ ।'

नेपाल राहत शिक्षक समिति गोदावरीका अध्यक्ष तिर्थ राज अवस्थीले आफ्ना माग सुनुवाइका लागि गरपालिकामा बारम्बार आग्रह गरेको भएपनि सुनुवाइ नभएको बताए । 'हामीहरुको सबैभन्दा ठूलो समस्या समयमा तलब नपाउनु हो । हामीले असोज महिनादेखि तलब पाएका छैनौ' उनले भने 'रातह क्षिकहरुको लागि कल्याणकारी कोषको व्यवस्था गरिनु पर्ने, नगरबाट विरामी विदा स्वकृत गरिदिनुपर्ने माग रहेको छ ।' उनले नगरमा रहेको राहत शिक्षक, नगर शिक्षक, निजी शिक्षक, स्थायी शिक्षक सबैको समस्या सामाधान(**बाँकी ३ पेजमा**)


# निसर्ग हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.

सुदूरपश्चिम प्रदेशको पहिलो अत्याधुनिक सुविधा सम्पन्न हस्पिटल

## उपलब्ध विशेषज्ञ सेवाहरू...

### नवजात शिशु तथा बालरोग सेवा
नवजात शिशु तथा बालरोग विशेषज्ञ डाक्टर द्वारा बच्चाको ज्वरो, रूघाखोकी, विभिन्न संक्रमण, सम्बन्धि संक्रमण, बच्चामा रक्तचाप, एलर्जी, श्वासप्रस्वास समस्या, सुगर, थाईराईड, जण्डीस, एनिमिया, मोटोपना, दुब्लोपना, मिर्गी वा मुर्छापर्ने समस्या, बच्चाको शारिरिक वृद्धि, विकास, आहार एंव पोषण लगायत विभिन्न खोपहरू सम्बन्धि उपचार तथा परामर्श सेवा ।

### हाडजोर्नी तथा नसा रोग सेवा
हाडजोर्नी, नसा तथा बाथरोग विशेषज्ञ डाक्टरद्वारा अत्याधुनिक कम्प्यूटर प्रविधिबाट भाँचिएका, मर्केका, जन्मजात बांगाटिंगा भएका हड्डीहरूको उपचार तथा अप्रेशन लगायत हाडजोर्नीको संक्रमण, बाथरोग, यूरिक एसिड, जोर्नी, घुंडा, कांध, कमर, गर्दन दुखाई, हातखुट्टा/जिउ झमझम गर्नेको उपचार साथै शरीरमा राखिएका रड, प्लेट, पिन आदि अप्रेशनबाट झिक्ने सेवा ।

### जनरल मेडिसिन (फिजिसियन) सेवा
फिजिसियन (जनरल मेडिसिन) डाक्टर द्वारा मुटुरोग, ब्लड प्रेशर, सुगर, पेट, ग्यास्ट्रीक, अल्सर, छाती, दम, कलेजो, कोलेस्ट्रोल, टाईफाईड, थाईराईड, हर्मोन, डेंगु, स्कबटाईफस, सिकलसेल एनिमिया आदिको विशेषज्ञ उपचार सेवा ।

### जनरल तथा दुरबिन बाट अप्रेशन सेवा
जनरल तथा ल्याप्रोस्कोपीक सर्जन डाक्टर द्वारा दुरवीन प्रविधिबाट पित्तथैलीको पत्थरी,एपेन्डिक्स, हर्निया, हाईड्रोसिल, पाईल्स, फिस्टुला, आन्द्रा बेरिएको/फुटेको, स्तन तथा शरीरका गाँठा-गुठी आदिको उपचार तथा अप्रेशन सेवा ।

### स्त्री तथा प्रसुती रोग सेवा
स्त्री तथा प्रसुती रोग विशेषज्ञ डाक्टर द्वारा तल्लो पेट दुख्ने, महिनावारी गडबडी, सेतो पानी बग्ने, स्तनको समस्या, बाँझोपन, पाठेघरमा मासु पलाएको, पाठेघरको ट्यूमर, डेलिभरी लगायत आदिको सम्पूर्ण उपचार तथा अप्रेशन सेवा ।

### भिडियो एक्स-रे सेवा
भिडियो एक्स-रे विशेषज्ञ (रेडियोलोजिष्ट) डाक्टर द्वारा पेट, घांटी, स्तन, पाठेघर, अण्डकोष, टाउको आदीको भिडियो एक्स-रे साथै एक्स-रे, सि.टि. स्क्यानको रिपोर्टीङ्ग सेवा ।

### मानसिक तथा नशा रोग सेवा
मानसिक रोग विशेषज्ञ डाक्टर द्वारा सोचाई र बिचारमा गडबडी हुनु, मनमा कुरा खेलीरहनु, विनाकारण डर लाग्नु, झर्को लाग्ने, निराश हुने, शंका लाग्ने वा नकारात्मक सोच आउने,आत्महत्याको सोच आउने,मुटु ढुकढुक हुने,टाउको दुख्ने,चिट चिट पसिना आउने,यौन चाहनामा कमी आउने,बेहोस हुने आदी समस्याको उपचार सेवा ।

### मुख, अनुहार तथा बङ्गारा रोग सेवा
मुख, अनुहार तथा बङ्गारा विशेषज्ञ डाक्टर द्वारा मुख भित्र घाउ खटिराहरू भएको र सुन्निएको,मुख कम खुल्ने,नखुल्ने,खोक्दा आवाज आउने,चपाउदा दुख्ने,अनुहार सुन्निएको,अनुहारमा घाउहरू भएको, अनुहारको प्लास्टिक सर्जरी,बङ्गाराको प्याएक्चर, चोटपटक, सुन्निएको सम्बन्धि उपचार तथा अप्रेसन सेवा ।

### नाक, कान, घाँटी रोग सेवा
नाक, कान, घाँटी रोग विशेषज्ञ तथा हेड एण्ड नेक सर्जन डाक्टर द्वारा पिनास, नाकमा मासु पलाएको, घाटीको टङसिल,कान कम सुन्ने,कान नसुन्ने, कानबाट पिप बग्ने समस्याको उपचार तथा अप्रेशन सेवा ।

### छाला, यौन रोग तथा सौन्दर्य सेवा
छाला, चर्म, यौन तथा सौन्दर्य विशेषज्ञ डाक्टर द्वारा सरीर चिलाउने,पुरानो दाद,कपाल खस्ने,तालु खुइलिने,कुष्ठरोग तथा नशा झमझमाउने, यौनरोगको, उपचार तथा परामर्श सेवा ।

### मृगौला तथा मुत्र रोग सेवा
मृगौला रोग विशेषज्ञ (नेफ्रोलेजिष्ट) /वरिष्ठमुत्ररोग विशेषज्ञतथा मृगौला शल्य चिकित्सक (युरोलेजिष्ट) डाक्टर द्वारा मृगौला (किड्नी), पिसाबनली, पिसाब थैलीको पत्थरी तथाप्रोष्टेट ग्रन्थी सम्बन्धि सानो प्वालपारी दुरवीन प्रविधि (Mini PCNL) तथा ना चिरफाड (Endoscopic) विशेषज्ञ उपचार तथा अप्रेशन सेवा ।

### न्युरो तथा मस्तिस्क रोग सेवा
न्युरो फिजिसियन तथा न्युरो सर्जन विशेषज्ञ डाक्टर द्वारा टाउको दुख्ने, गर्दन दुख्ने, ढाड दुख्ने, मुर्छा पर्ने, मिर्गी आउने, माइग्रेन, हात, खुट्टा, जिउ दुखाई हुने एवं झमझम गर्ने, हात, खुट्टा, गर्दन, ढाड, शरीरको नशा च्यापिएको, दिमाग वा मेरूदण्डको सम्पुर्ण समस्या तथा न्यूरो सम्बन्धी सम्पुर्ण समस्या ।



सघन उपचार (ICU) सेवा | नवजात शिशु (NICU) सेवा | बाल सघन (PICU) सेवा | कृतिम स्वास प्रस्वास (Ventilator) | २४ सै घण्टा अप्रेशन सेवा | साधारण तथा वातानुकुलित क्याबिन




कुनैपनि रोगको सफल उपचार तथा परामर्शको लागि सम्पर्क गनुहोला

हसनपुर, धनगढी-५, कैलाली, नेपाल

nisargahospitalnepal@gmail.com /nisargahospitalnepal

२४सै घण्टा आकस्मिक सेवा

HELLO 091-526681
EMERGENCY 9865680100
SUPPORT CALL 9804600745


# कोल्टी सडकको ढम्कने खण्ड निर्माणको काम अघि बढेन

**पोष्ट संवाददाता**
धनगढी । बाजुराको मार्तडी कोल्टी सडक खण्ड अन्तरगत बडिमालिका नगरपालिका-७ को चुथी देखी ढम्कने सम्मको कामको जिम्मा पाएको निर्माण कम्पनीका ठेकेदारको अटेरीका कारण सडक निर्माणमा ढिलाइ भएको छ ।

सो सडकमा सामान्य काम भएको भए पनि सहज यातायात ब्यबासायीहरुले समस्या हुने गरेको बताएका छन । मार्तडी देखी कोल्टी सम्म ४० किलोमिटर कालोपत्रे गर्ने गरि प्रदेश र संघ सरकार बाट बिनियोजन भएको थियो । सो सडकको स्तरउन्नती भएको भए भाडादर पनि केही कम हुने यातायात ब्यबासायीहरुले बताउने गरेका छन । प्रशासनले बढी भाडा किन लिएको भनेर थर्काउने यता सडक पनि नबन्दा ब्यबासायीहरु समस्यामा पर्ने गरेको जीप चालकहरुले बताउने गरेका छन ।

मार्तडी देखी कोल्टी सम्म तिन खण्डमा पुर्वाधार विकास कार्यलय अछामले टेन्डर गरेको थियो । मार्तडी देखी चुथि सम्म ९ किलोमिटर पहिलो खण्ड, चुथि देखी ढम्कने सम्म ५ किलोमिटर दोस्रो खण्ड र ढम्कने देखी कोल्टीचौर सम्म २६ किलोमिटर तेस्रो खण्ड गरेर ३ खण्ड गरी पुर्वाधार विकास कार्यालयले निर्माण कम्पनीलाई जिम्मा दिएको थियो ।

अन्य सडक खण्डमा काम भइरहेको भएपनि दोस्रो खण्ड चुथी देखी ढम्कने सम्म ५ किलोमिटरमा ठेकेदारको लार्पवाहीका कारण काम हुन सकेको छैन् । सो सडक खण्डमा ट्याक्टर जीप लगायतका यातायातका साधानहरू कुनै ठाउमा तानेर सञ्चालन गर्नुपरेको यातायात ब्यवासायीले वताउने गरेका छन् । पटक पटक सडक सुधारका लागि हारगुहार गरेपनि कतै बाट पनि वास्ता नभएको यातायात ब्यवासायीहरुले वताएका छन् ।

चुथी देखी ढम्कने सम्मको सड्कमा खाल्डा खुल्डीका कारण जोखिम रुपमा यातायात सञ्चालनमा हुने गरेको चालकहरुले वताउने गरेका छन् । बडिमालिका नगरपालिका वडा न ७ का वडा अध्यक्ष धर्मराज पाध्यायले भने गाडी तानेर सवार गर्नुपर्ने बाध्यता रहेको वताए । चुथि देखी ढम्कने सम्मको ५ किलोमिटर सडकको जिम्मा लिएको बाँनिया इश्वशेर जेवि कम्पनीले काममा ढिलाई गर्दा समस्यामा भएको वडा अध्यक्ष पाध्यायले बताए । यता ठेकदार कम्पनीका यज्ञ शाहीले भने मेशीनहरु सबै मर्मत गर्नु पर्ने भएकोले सामान मगाइ रहेको र केही दिनमा काम सुरु गर्ने बडिमालिका खवरलाइ बताएका छन ।

मेशीनहरुका पाठपुर्जा बाहिरबाट ल्याउनुपर्ने भएको काममा ढिलाइ भएको उनले बताएका छन । आयोजना कार्यालय साफेँबगरले पटक पटक कम्पनीलाई ताकेता गर्दा पनि वेवास्ता गर्दै आएको पाइएको छ । बाँनिया इश्वशेर जेवि कम्पनीले भने बाजुरकाकै यज्ञ शाहिलाई कामको जिम्मा दिएको तर उनले समयमै काम गर्न नसकेको जनाएको छ ।

जिल्ला प्रशासन कार्यालय बाजुराले सडक निर्माण गर्न पटक पटक ठेकेदार र आयोजना कार्यलयलाई ताकेता गरेको भए पनि ठेकेदारले वेवास्ता गरेको जनाएको छ । मार्तडी कोल्टी सड्क खण्ड ४० किलोमिटर कालोपत्रेका लागि १ अरब ५७ करोड ७५ लाख १२ हजार रकम बिनियोजन भएको थियो । शुदुरपश्चिम प्रदेश सरकारको बहुबर्षिय योजनामा परेको सडक हो ।

**छोरा र छोरी बिच भेदभाव नगरौं । भ्य नागरिकको परिचय दिऔं ।**

धनगढी पोष्ट दैनिकका लागि कर्ण शाहद्वारा सम्पादित/प्रकाशित, ठेगाना : धनगढी-१ एलएनचौक, फोन ०९१- ५२५७७०, फ्याक्स -५२२४५६,
Email : dhangadhipost@gmail.com, Website:www.dhangadhipostnews.com, मुद्रकः समैजी अफसेट प्रेस बैयाबेहडी, धनगढी, कार्यकारी सम्पादक : हिमाल जोशी